का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ मंसिर २०८२
बिहीबार
27 November 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २८७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

**ध्रुवीकरणमा दलहरू**

# आश र त्रासले जोडिँदै नेताहरू





चुनावको मिति नजिकिएसँगै राजनीतिक दलहरूमा ध्रुवीकरण बढ्दो छ । जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिमा मतदाताले मत परिवर्तन गर्न सक्ने त्रासमा पुराना राजनीतिक दलहरू एकीकृत हुँदै छन् । नयाँ शक्तिहरू छरिए फेरि पुरानै शक्तिले चुनाव जित्न सक्ने त्रासमा नयाँ शक्ति छन् ।

> अहिले बार्गेनिङको बेला होइन । बिनासर्त दुई कदम पछि हटेर भए पनि वैकल्पिक शक्तिका लागि रास्वपासँग एकता गर्न तयार भएका हौं ।



■ **रञ्जु दर्शना**
महासचिव
विवेकशील साझा

> सहकार्यमा थारु आउँदै छन्, मधेशी आउँदै छन् । पूर्वका जनजाति र पहिचान आन्दोलनका अगुवा आउँदै छन् । विभिन्न खाले उत्पीडनविरुद्ध आवाज उठाएकाहरू एकीकृत हुँदै छौं ।

■ **खगेन्द्र सुनार**
अध्यक्ष, हाम्रो नेपाल पार्टी

## २१ फागुन



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १० मंसिर


उज्यालो नेपाल पार्टी र हाम्रो नेपाल पार्टीबीच एउटै चिन्हमा चुनाव लड्ने भएका छन् । यी दुवै दल जेनजी आन्दोलनपछि जन्मिएका दल हुन् । उज्यालो नेपाल पार्टी सहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ र भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको समर्थनमा बनेको पार्टी हो । हाम्रो नेपाल पार्टी अभियन्ता खगेन्द्र सुनारको नेतृत्वमा छ । सुनारले छुट्टै दल दर्ता गरिसकेका थिए । तर अन्तिममा उज्यालो नेपाल पार्टीसँग सहकार्य गर्न तयार भएर उज्यालो नेपाल पार्टीको चुनाव चिह्न चिममै चुनाव लड्ने निर्णय लिए ।

संयुक्त चुनाव चिह्नमा चुनाव लड्ने निर्णय सार्वजनिक गर्न पत्रकार सम्मेलन आयोजना गरिएको थियो । जसलाई सम्बोधन गर्दै हाम्रो पार्टी नेपालका अध्यक्ष सुनारले लामो समयदेखि पछाडि परेका समुदायले संघर्ष गर्दै आएको बताए । सुशासनको पक्षमा र समृद्धिको पक्षमा उभिन सहकार्य आवश्यक रहेको उनले बताए ।

उनी भन्छन्, 'सहकार्यमा थारु आउँदै छन्, मधेशी आउँदै छन् । पूर्वका जनजाति र पहिचानका आन्दोलनका अगुवाहरू आउँदै छन् । उत्पिडनका विभिन्न आन्दोलनमा आवाज उठाएकाहरू एकीकृत हुँदै छौं ।'

बुधबार नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा एकताका लागि तयार भएका छन् । रास्वपा वैकल्पिक राजनीतिको नेतृत्व गर्दै आएको दाबी गर्ने पार्टी हो । यो पार्टी अघिल्लो चुनावबाट उदाएको नयाँ दल हो । ७ असार २०७९ मा पार्टी घोषणा गरेर ४ मंसिर २०७९ को चुनाव लडेको रास्वपा विघटित प्रतिनिधि सभामा चौथो दल बनेको थियो ।

विवेकशील साझा नेपालमा वैकल्पिक राजनीतिका लागि प्रयासरत दल हो । दुवैले एकीकरण गरेर आगामी २१ फागुनको चुनाव लड्ने निधो गरेका हुन् । विवेकशील साझाकी >>> पृष्ठ २ मा



# चुनावी मैदानमा यौनिक अल्पसंख्यक

**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, १० मंसिर

प्रायः चञ्चले स्वभावमा देखिने नुमा लिम्बु बुधबार भने छुट्टै उद्देश्य लिएर निर्वाचन आयोग पुगेकी थिइन् । उनीसँगै थुप्रै यौनिक तथा लैंगिक अल्पसंख्यकहरू आउँदो चुनावमा भाग लिने तयारीमा छन् । फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा सहभागी हुन उनीहरूले समावेशी समाजवादी पार्टी दर्ता गराएका छन् ।

सामाजिक विभेद र उपेक्षामा परेका लैंगिक अल्पसंख्यक दलमा सक्रिय हुन पनि त्यस्तै भेदभाव बाधक बन्ने गरेको उनीहरूको गुनासो छ । विभिन्न दलहरूमा उनीहरू आबद्ध छन् । तैपनि आफ्नो मुद्दा बोक्ने छुट्टै दलको आवश्यकता महसुस भएकाले दर्ता गर्न आयोगमा आएको लिम्बु बताउँछिन् । अघिल्ला चुनावहरूमा दलहरूले यो अल्पसंख्यक समुदायलाई भोट बैंकका रूपमा मात्र प्रयोग गरेपछि आफ्नो हक र अधिकार स्थापित गर्न आफैं अघि सरेको उल्लेख गर्दै उनी भन्छिन्, 'हाम्रो समुदायका लागि कानुनले पूर्णअधिकार दिएको छ तर पूर्णरूपमा कार्यान्वयन भएको छैन । हामी राज्यका सबै ठाउँमा हाम्रो प्रतिनिधित्व चाहन्छौं ।'

झापामा जन्मिएकी लिम्बु २० वर्षदेखि लैगिंक अल्पसंख्यकको क्षेत्रमा क्रियाशील छन् । यसबीचमा उनले प्रायः सबै दलले आफूहरूका लागि गरेका प्रतिबद्धता र कामको लेखाजोखा गरिन् । त्यतिबेला आफूहरू दलहरूको भोट बैंक मात्र बनेको महसुस भएको उनी बताउँछिन् । 'हाम्रो समुदायलाई यो समाजमा खुल्न कति चुनौती छ, त्यो हामी भोग्दै आएका छौं । दलहरूले हामीलाई प्रयोग मात्रै गरे । त्यसैले छुट्टै दल दर्ता गर्‍यौं ।'


दल दर्ताको प्रमाण पत्र लिन उनीहरू बुधबार अबेरसम्म आयोग परिसरमै थिए । तर आयोगले प्रमाणपत्र टुंग्याएन । दल दर्ताको म्याद पनि चार दिन थप्दै अर्को दिन बोलाएको छ । प्रमाणपत्र हात नलागिसके पनि लिम्बु आफ्नो दललाई अघि बढाउने योजनामा लागिसकेकी छन् । 'हामी त दल दर्ता गरेर चुनावमा जान २०८४ साल कुरिरहेका थियौं । जेनजी आन्दोलनले दुई वर्षअघि नै हामीलाई राजनीतिमा तान्यो,' उनले भनिन् ।

फागुनमा नै निर्वाचनका लागि उनीहरू तयार देखिन्छन् । उपाध्यक्ष वावुडुमी राई देशभरका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका युवालाई गोलबद्ध गरेर अघि बढ्ने बताउँछन् । 'पुराना दलहरूले हाम्रो हक र अधिकार स्थापित गराउन सकेनन् । नयाँलाई हेर्नै बाँकी छ । त्योभन्दा पहिले हामी आफैं संगठित हुन खोज्दै छौं,' राई भन्छन् । पितृसत्तात्मक राजनीति, विनाशकारी विकास माडेल, इमानदारीको अभाव र पुरानै सोचले देशलाई संकटमा पुर्‍याएकाले निष्कर्षसहित व्यावहारिक विकल्प दिन समावेशी समाजवादी पार्टी आएको उनले बताए ।



**स्वदेशमै स्टार्टअपको चाहना**

# कर्जाका लागि १० हजार आवेदन




**छवि सापकोटा / मध्यान्ह**
काठमाडौं, १० मंसिर

देशमा रोजगारी भएन भन्दै बिदेसिनेको संख्या बर्सेनि बढिरहेका बेला स्वदेशमै नयाँ सम्भावना खोजेर स्टार्टअप गर्ने बढिरहेका छन् । थोरै लगानी गरेर नवीन व्यवसाय थालनी गर्नेहरूको संख्या सहरी क्षेत्रमा बढेको छ ।

स्टार्टअप उद्यमीलाई प्रोत्साहित गर्न औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले तीन वर्षदेखि सुरु गरेको स्टार्टअप कर्जाका लागि आवेदनको उत्तिकै ओइरो छ । चालु आर्थिक वर्षमा अहिलेसम्म स्टार्टअप कर्जाका लागि १० हजार २ सय ४४ उद्यमीका आवेदन परेका छन् । प्रतिष्ठानबाट ३ प्रतिशत ब्याजदरमा बिनाधितो ऋण प्राप्त गर्न सकिने भएपछि स्टार्टअप कर्जाको माग बढेको हो ।

प्रतिष्ठानका कार्यकारी निर्देशक उमेश गुप्ता स्टार्टअप >>> पृष्ठ २ मा



> स्टार्टअपमा कर्जाका लागि आवेदन दिने गत वर्षभन्दा दोब्बरले बढेर १० हजारभन्दा बढी आएको छ । आवेदनको संख्या बढेको छ तर बजेट कम छ ।

■ **उमेश गुप्ता**
*कार्यकारी निर्देशक*
*औद्योगिक व्यवसाय विकास प्रतिष्ठान*

**वैदेशिक रोजगार विशेष**

# बढ्यो स्वास्थ्य परीक्षण शुल्क

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० मंसिर

वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क ९ हजार ५ सय पुगेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न १ सय ७१ वटा स्वास्थ्य संस्थालाई सूचीकरण गरेको करिब एक सातापछि स्वास्थ्य परीक्षण शुल्क बढेको हो । बढेको शुल्क बुधबारदेखि कार्यान्वयनमा आएको स्वास्थ्य व्यवसायीहरुले बताएका छन् ।

श्रम मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को छैटौं संशोधन २०८१ मा हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडसहित रक्त परीक्षण गर्दा सिबिसी, इएसआर, प्लेटलेट, क्षयरोग परीक्षण गर्दा छातीको भिडियो एक्स-रे, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोग, स्यान्टोक्स परीक्षण, स्पुटम एएफबी, मिर्गौला परीक्षण गर्दा सिरम युरिया, क्रियाटिनिन श्वासप्रश्वास, छालाका रोग समेत ३४ प्रकारका रोगको परीक्षण गर्नुपर्ने प्रावधान छ ।

तर वैदेशिक रोजगारमा जाने युवा उमेरको जनशक्तिको यति धेरै परीक्षण गर्ने र ठुलो अंकमा शुल्क लिने कार्य अन्तर्राष्ट्रिय मापदण्डविपरीत रहेको भन्दै कतिपयले शुल्क वृद्धिको आलोचना गरेका छन् । नेपाल मेडिकल व्यवसायी संघका >>> पृष्ठ २ मा

## अब युएई भिसाका लागि 'पुलिस रिपोर्ट' अनिवार्य

**काठमाडौं / मस**– संयुक्त अरब इमिरेट्स (युएई)ले नेपाली नागरिकको भिसाका लागि प्रहरी रिपोर्ट अनिवार्य गरेको छ । काठमाडौंस्थित युएई दूतावासका अनुसार नेपाली नागरिकले भिजिट र श्रम भिसाका लागि एप्लाइ गर्दा नेपाल प्रहरीको असल चालचलन रिपोर्ट अनिवार्य गरिएको छ ।

गत भदौमा भएको अप्रत्याशित जेनजी आन्दोलनपछि अघोषित रूपमा रोकिएको भिजिट भिसा यसअघि नै खुलिसकेको छ भने श्रमिकका लागि जारी हुने वर्किङ भिसा प्रहरी चालचलन रिपोर्टका आधारमा खुला भएको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । नेपाल वैदेशिक रोजगार >>> पृष्ठ २ मा




स्वदेशी वस्तु प्रयोग गरौं ।
■ स्वदेशी उत्पादनमा जोड दिऔं,
■ स्वदेशी उत्पादनको प्रयोग गरौं,
■ स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
■ स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
■ स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
■ राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
■ स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौ,
■ उद्यमीको योगदानको कदर गरौं ।
स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# वैदेशिक रोजगार व्यवसायी संघसमेतको सहयोगमा गौशाला प्रहरी भवन निर्माण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० मंसिर



नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहितका सामाजिक तथा व्यावसायिक संस्थाहरूको सहयोगमा पुनर्निर्मित प्रहरी वृत्त गौशालाका भवनहरूको अनावरण तथा हस्तान्तरण गरिएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाको प्रमुख आतिथ्यतामा बुधबार बिहान पुनर्निर्मित संरचनाको उद्घाटन गरिएको हो। सो समारोहलाई सम्बोधन गर्दै प्रहरी वरिष्ठ उपरीक्षक थापाले प्रतिकूल र संकटको अवस्थामा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाले समाजसेवाको पुनीत कार्य गरेका कारण प्रहरीका लागि भवन तयार भएको बताए।

समाजसेवी संस्थाहरूबाट तत्परताका साथ सहयोग भएको परिवेशलाई नेपाल प्रहरीले उच्च मूल्यांकन गरी निश्पक्ष रूपमा जनसेवा गर्नुपर्ने सन्देश ग्रहण गरेको उनले बताए। उनले भदौ २४ को क्षतिपछि संघको प्रतिनिधिमण्डलले नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक चन्द्रकुबेर खापुङलाई भेटेर प्रहरीलाई सहयोग गर्ने चाहना व्यक्त गरी सहयोगको सुरुवात गरेपछि समाजको अन्य पक्षबाट पनि सहयोग प्राप्त भई जलेका तथा तोडफोड भएका काठमाडौं उपत्यकाका १२९ प्रहरी कार्यालयमध्ये प्रहरी वृत गौशालाको मुख्य भवन, बालाजु, जनसेवा बाहेक सबै क्षेत्रका कार्यालय पुनर्निर्माण भएको बताए। उनले संघसहित सहयोग गर्ने सामाजिक संघसंस्था र वित्तीय संस्थाहरूप्रति आभार व्यक्त गरे।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले भदौ २४ को घटनापछि शून्यता छाएर 'प्रहरी छैन भने सुरक्षा पनि छैन' भन्ने महसुस भएको र आजको दिन नै जिन्दगीको अन्तिम हो कि जस्तो डरलाग्दो अवस्थामा जिम्मेवारी सम्झेर क्षतिग्रस्त भवन पुनर्निर्माणका लागि साथमा साथ, हातमा हात मिलाएको बताए।

उनले व्यवसायीहरूबाट सहयोग जुटाएर प्रहरी वृत्त गौशालाको मुख्य भवन बनाउने जिम्मेवारी पनि सकेसम्म छिटो पूरा गर्ने प्रतिबद्धता जनाए। संघले प्रहरी वृत्त गौशालाको अपराध अनुसन्धान कक्ष र हिरासत कक्ष निर्माण गरेको छ भने मुख्य कार्यालय बनाउने प्रतिबद्धता जनाएको छ।

कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. ७ का वडा अध्यक्ष विमल होडा, वडा नं. ८ का वडा अध्यक्ष आशामान संगत, वडा नं. ९ का वडा अध्यक्ष रामजी भण्डारी, पशुपति गौशाला धर्मशालाका अध्यक्ष रमेश तापडिया, सामुदायिक प्रहरी सेवा केन्द्र चाबहिलका अध्यक्ष दीपक आचार्य, डियर वाक ग्रुपका अध्यक्ष हितेश कार्की, स्मार्ट पार्टी प्यालेस र अनुपम फुडल्यान्डलगायत संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

कार्यक्रममा वडा नं. ८ का वडा अध्यक्ष संगतलगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा भवन निर्माण कार्यमा उल्लेखनीय सहयोग पुर्‍याउनेहरू सहयोगीलाई प्रशंसा पत्र र मायाको चिनो प्रदान गरिएको थियो।

प्रहरी वृत्त गौशालाका प्रहरी नायब उपरीक्षक प्रकाश श्रीमलले स्वागत मन्तव्य राखेको कार्यक्रम प्रहरी निरीक्षक राजाराम खतिवडाले सञ्चालन गरेका थिए।

# मधेश प्रदेशमा बेरोजगार युवालाई मासिक दुई हजार भत्ता



**जनकपुरधाम/मस–** मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशमा स्नातक उत्तीर्ण गरेका बेरोजगार युवालाई मासिक बेरोजगार भत्ता दिने निर्णय गरिएको जानकारी दिएका छन्।

प्रथम मन्त्रिपरिषद् बैठकको निर्णय बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै उहाँले प्रदेशमा स्नातक उत्तीर्ण गरेका बेरोजगार युवालाई मासिक दुई हजारका दरले बेरोजगार भत्ता दिने निर्णय गरिएको बताए।

प्रदेश सरकारले १८ वर्षदेखि ३५ वर्ष उमेरसम्मका स्नातक उत्तीर्ण गरी कुनै रोजगारमा नरहेका युवालाई जीवन निर्वाहबापत मासिक रु दुई हजारका दरले भत्ता उपलब्ध गराउने निर्णय गरेको हो। प्रदेशमा स्नातक उत्तीर्ण गरेका करिब एक लाख ५० हजार बेरोजगार युवा छन्।

बैठकमा सरकारले खडेरी र डुबानबाट धानबालीमा क्षति बेहोरेका किसानलाई प्रतिकट्ठा एक हजार ५ सयका दरले राहत उपलब्ध गराउने निर्णय भएको छ।

किसानलाई राहत दिँदा ३६ करोड र युवालाई बेरोजगार भत्ता दिँदा ३५ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको मुख्यमन्त्री यादवले जानकारी दिए। किसानलाई राहतस्वरूप एक हजार ५ सय प्रतिकट्ठा राहतस्वरूप उपलब्ध गराउने प्रक्रियामा रहेको उनले बताए।

यस वर्ष लामो समय खडेरीको मारमा परेका मधेस प्रदेशका किसानहरू गत असोजको अविरल वर्षाबाट पुनःडुबान पीडित भएका थिए। मनसुन अवधिमा लामो समय खडेरी परेपछि प्रदेश सरकारले मधेसका जिल्लालाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

# एक एआइजी र दुई डिआइजीलाई दर्ज्यानी चिह्न




**काठमाडौं/मस–** नेपाल प्रहरीका एक प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) र दुई प्रहरी नायब महानिरीक्षक (डिआईजी)लाई दर्ज्यानी चिह्न प्रदान गरिएको छ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच तीन अधिकृतलाई बुधबार दर्ज्यानी चिह्न प्रदान गरेका हुन्।

दर्ज्यानी चिह्नद्वारा सुशोभित हुनेमा एआईजी ईश्वर कार्की तथा डिआइजी विश्व अधिकारी र प्राविधिक डिआईजी इञ्जीनीयर रामकुमार चौधरी रहेका छन्।

सो अवसरमा प्रहरी महानिरीक्षक कार्कीले ज्येष्ठता, कार्यकुशलता, विधि एवम् पद्धतिका साथै व्यावसायिक निष्ठाका साथ निर्वाह गरेको जिम्मेवारीको मूल्याङ्कनको आधारमा पदोन्नति भएको बताए।

उनले पदोन्नति भएका प्रहरी अधिकृतको नेतृत्वदायी भूमिका र नेतृत्व क्षमताबाट प्रहरी सेवामा प्रभावकारी योगदान पुग्ने विश्वास व्यक्त गरे।

प्रहरी महानिरीक्षक कार्कीले मुलुक संवेदनशील अवस्थामा रहेकाले यस्तो अवस्थामा प्रहरी जनताको सेवामा समर्पित हुन आवश्यक रहेको उल्लेख गरे। निःस्वार्थ सेवाभाव, शिष्ट व्यवहार, उत्कृष्ट आचरणलाई आत्मसाथ गरी नागरिकको अपेक्षा अनुरूप प्रहरी सेवा प्रवाह गर्न प्रहरी कर्मचारी थप क्रियाशील हुनुपर्ने उनको भनाइ थियो। उनले प्रहरी प्रतिको नागरिक विश्वास अभिवृद्धि गर्न व्यावसायिक कार्यसम्पादनमा जोड दिइ सेवा प्रवाहलाई थप चुस्त बनाउनसमेत निर्देशन दिए।

कार्यक्रममा बढुवा भएका प्रहरी अधिकृतलाई उनले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे। कार्यक्रममा बढुवा भएका एआईजी ईश्वर कार्कीले पदोन्नतिसँगै प्राप्त जिम्मेवारीलाई पूर्ण व्यावसायिक निष्ठा र इमानदारीपूर्वक कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरे। दर्ज्यानी चिह्न सुशोभन समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतको उपस्थिति रहेको थियो।

# सार्वजनिक सेवाको प्रभावकारिता वृद्धि गर्न ३९ बुँदे कार्ययोजना




**काठमाडौं/मस–** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले तत्काल सुधार कार्यायोजना कार्यान्वयनमा ल्याएको छ। मन्त्रालयले उद्योग, वाणिज्य र आपूर्ति क्षेत्र सुधारका लागि समयसीमा तोकेर ३९ बुँदे कार्ययोजना ल्याएको हो।

व्यावसायिक सुशासन प्रवर्द्धनका लागि नीतिगत तथा कानुनी सहजीकरण, गरिबी निवारणका लागि लघुउद्यम विकास, दलित समुदायको परम्परागत तथा मौलिक पेसाको संरक्षण एवं प्रवर्द्धनमार्फत रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गरिने कार्ययोजनामा उल्लेख छ।

त्यसका लागि आगामी माघसम्म औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी प्रवर्द्धन गर्न कम्पनी विधेयक, २०८२ को मस्यौदा गर्ने गरिबी निवरणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ लाई संशोधन गर्ने लक्ष्य राखिएको छ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता जीतेन्द्र बस्नेतले सेवा प्रवाहमा तत्काल सुधार ल्याउन कार्ययोजना जारी गरी कार्यान्वयनमा ल्याइएको बताए।

उनले भने, 'चालु आवको बजेट, नीति तथा कार्यक्रममा घोषणा भएका आयोजनाको सहज कार्यान्वयनका लागि नीति, कानुन, योजना र कार्यविधि बनाउने कार्य भइरहेको छ।'

कार्ययोजना कार्यान्वयनका लागि मन्त्रालयका महाशाखा, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, औद्योगिक व्यवसायिक प्रतिष्ठान, औद्योगिक क्षेत्र लिमिटेड, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलगायत निकायलाई जिम्मेवार ठहराइएको प्रवक्ता बस्नेतले उल्लेख गरे।

कार्ययोजनामा उद्योग प्रशासनसम्बद्ध सेवा सरलीकरण र 'स्टार्टअप' कर्जा प्रवाह सहजीकरण, कम्पनी प्रशासनसँग सम्बन्धित सेवाको प्रभावकारिता अभिवृद्धि, सुरक्षित एवं व्यवस्थित अभिलेख व्यवस्थापन, कम्पनी दर्ता एवं खारेजी प्रक्रियामा कार्यविधिगत सरलीकरण प्रभावकारिता अभिवृद्धिका काम गर्ने उल्लेख छ।

वाणिज्य क्षेत्रको सुधारका लागि बहुपक्षीय व्यापारको क्षेत्रमा नीतिगत सुधार, बहुपक्षीय व्यापारसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन, क्षमता अभिवृद्धि, द्विपक्षीय व्यापार र पारवहन व्यवस्थामा सुधार गर्ने लक्ष्य कार्ययोजनामा समेटिएको छ।

त्यस्तै स्वदेशी उत्पादन तथा बजार प्रवर्द्धन, सूचना प्रविधिको प्रयोगमार्फत व्यवसायसम्बद्ध सेवाको पारदर्शिता, अत्यावश्यक वस्तु निरन्तर आपूर्ति र खाद्यान्न उपलब्धताको सुनिश्चितता, पेट्रोलियम पदार्थको वितरणमा पारदर्शितालगायत काममा विभिन्न निकायले काम गर्नेछन्।

# साततले दरबार र तलेजु मन्दिरको पुनर्निर्माण सुरु



**नुवाकोट/मस–** नुवाकोटको ऐतिहासिक तुलजा भवानीको मन्दिर (तलेजु) र साततले दरबारको पुनःनिर्माण बुधबारदेखि औपचारिक थालनी गरिएको छ।

तलेजु र साततले दरबारको भूकम्पले क्षतिग्रस्त बनेका संरचना हटाई नयाँ निर्माण प्रारम्भ गर्नुअघि जग सतहको बुधबार पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गसहित सरोकारवालाबाट 'भूमिको क्षमा पूजा' गरेर पुनःनिर्माण कार्य प्रारम्भ गरिएको हो।

२०७२ वैशाख १२ को गोरखा भूकम्पले क्षति पुर्‍याएको तलेजु मन्दिरको संरचना पूर्ण रूपमा हटाई जग निर्माण थालिएको छ भने दरबारको सात तलामध्ये पाचौं तलासम्म हटाइएको छ। प्राविधिक अध्ययनअनुसार थप संरचना हटाउँदै लगिने पुरातत्व विभागका महानिर्देशक प्रधानाङ्गले जानकारी दिए।

नेपाल सरकार (पुरातत्व विभाग) सँग भएको सम्झौताअनुसार निर्माणको जिम्मेवारी लिएको 'चाइनिज एकेडेमी अफ कल्चरल हेरिटेज'ले पहिलो चरणमा ती दुई संरचनाको निर्माणका लागि जगसतहको निर्माण थालिएको विभागका महानिर्देशक प्रधानाङ्गले जानकारी दिए।

पुनःनिर्माण कार्य प्रारम्भमा विदुर नगरपालिकाको नगरप्रमुख राजन श्रेष्ठसहित जिल्लास्थित विभिन्न कार्यालयका प्रमुख एवं सरोकारवालाहरूको सहभागिता रहेको थियो।

दश वर्षअघि गएको भूकम्पले क्षति पुर्‍याएको सातलले दरबारसहितको संरचना निर्माणको कार्य ढिलो भएरसँगै अन्योल रहेको पुनःनिर्माणले अब थप तीव्रता पाउने विदुरका प्रमुख श्रेष्ठले विश्वास व्यक्त गरे।

दरबार पुनःनिर्माणका लागि चिनियाँ प्राविधिकको मागअनुसार विदुर नगरपालिकाले पानी, विद्युत् आपूर्ति, भण्डारणस्थल, पहुँचमार्गको निर्माणमा सहयोग पुर्‍याएको छ।

भूकम्पपछिको पुनःनिर्माण सहयोगअन्तर्गत चीन सरकारसँग २०७६ जेठमा भएको सहमतिअनुसार भूकम्पले क्षति पुगेका यहाँका आठ वटा धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्त्वका संरचना चीन सरकारले निर्माण गर्ने उल्लेख छ।

त्यसका लागि चिनियाँ कम्पनीले ४५ महिनाभित्रै काम सम्पन्न गर्ने सम्झौता भएको थियो। तर, काम सुरु नहुँदै निर्धारित समय सकिएकाले नयाँ सम्झौतामा सोही अवधि नै निर्धारण गरिएको छ। पहिलो चरणमा एक वर्षभित्र तलेजु मन्दिर र सातलले दरबारको निर्माण सम्पन्न गर्ने र बाँकी संरचनाको पुनःनिर्माण दोस्रो चरणमा गर्ने समझदारी भएको छ।

सोहीअनुसार दरबार परिसरमा रहेका गारदघर, रंगमहल, विष्णु र नारायण मन्दिर, भैरवीदेवी मन्दिर परिसरका लामपाटी र शीतलपाटीलाई दोस्रो चरणमा निर्माण गर्ने उल्लेख छ।

तत्कालीन राजा पृथ्वीनारायण शाहले नुवाकोटमाथि १८०१ मा विजय गरेपश्चात् सातलले दरबारको निर्माण गर्न लगाएको पाइन्छ। काठमाडौं उपत्यकामाथि विजयी हुनुअघिसम्म सोही दरबारबाट प्रशासनिक कामकाज सञ्चालन गरेका थिए। उक्त दरबारलाई नेपालमा गणतन्त्र स्थापना भएसँगै 'नुवाकोट दरबार संग्रहालय'मा परिणत गरेर सर्वसाधारणका लागि खुला गरिएको थियो।

पृथ्वीनारायण शाहले ततकालीन समयमा प्रयोग गरेको लत्ताकपडा, पलङ, ओछ्यान, युद्धकौशलका सामग्री, पृथ्वीनारायण शाहसहित दुई रानीका प्रतिमालगायतका पुरातात्विक सामग्रीसहितको सातलले दरबारलाई विश्व सम्पदा सूचीमा प्रस्ताव गरिएको छ।

## ध्रुवीकरणमा...

महासचिव रन्जु दर्शना वैकल्पिक राजनीतिलाई स्थापित गर्न बिनाकुनै बार्गेनिङ रास्वपासँग एकताका लागि तयार भएको बताउँछिन्। जेनजी आन्दोलनपछि गत असोजमै वैकल्पिक शक्तिबीच एकताका लागि विवेकशील साझा जुनसुकै त्याग गर्न तयार घोषणा गरिएको स्मरण गर्दै उनले भनिन्, 'यो कुनै बार्गेनिङको बेला होइन। कुनै पद नमागेर बिनासर्त दुई कदम पछि हटेर भए पनि आफ्नो एजेन्डाका लागि तयार भएका हौं।' आइतबार राष्ट्रिय सभागृहमा दुई दलबीच एकताको औपचारिक घोषणा हुने दर्शना बताउँछिन्।

यसबाहेक पुराना शक्तिसमेत मोर्चाबन्दीमा लागिसकेका छन्। नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित १२ वटा कम्युनिस्ट पार्टी र समूह मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेको छ। यो पुराना राजनीतिक दलहरू अस्तित्व रक्षाका लागि एकीकृत भएको ज्वलन्त उदाहरण हो।

यसबाहेक पनि दल ध्रुवीकरणमा छन्। संघीय लोकतान्त्रिक मोर्चामा रहेका मधेश केन्द्रित दलहरू निर्वाचनमा तालमेलको प्रयासमा छन्।

यो मोर्चामा तराई-मधेश केन्द्रित दलहरू डा. सिके राउत नेतृत्वको जनमत पार्टी, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा) रहेका छन्।

अर्थात्, चुनावको मिति नजिकिएसँगै राजनीतिक दलहरूमा ध्रुवीकरण बढ्दो छ। जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिमा मतदाताले मत परिवर्तन गर्न सक्ने त्रासमा पुराना राजनीतिक दल एकीकृत हुँदै छन्। नयाँ शक्तिहरू छरिए फेरि पुरानै शक्तिले चुनाव जित्न सक्ने त्रासमा नयाँ शक्ति छन्। यसकारण जेनजी आन्दोलनपछि जन्मिएका दलहरू पनि ध्रुवीकरणमा लागेका हुन्।

राजनीतिक दलहरूमा चलिरहेको ध्रुवीकरणले निर्वाचन कार्यक्रमसमेत प्रभावित भएको छ। मंसिर एक गतेदेखि १० दिन निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय थियो।

निर्वाचन आयोगका प्रवक्ता नारायाणप्रसाद भट्टराईका अनुसार 'सरोकारवालाहरूको माग र केही दल दर्ता प्रक्रियामै रहेकाले' निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय चार दिन थपिएको हो।

अब प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि मंसिर १४ गतेसम्म दल दर्ता सक्नेछन्। बुधबारसम्म भने निर्वाचन आयोगमा १ सय ६ वटा दल दर्ता भएका छन्।

## कर्जाका...

कर्जाका लागि आवेदन दिनेको संख्या ठुलो रहेको बताउँछन्। उनका अनुसार १० हजारभन्दा बढी आवेदन आएकोमा ८ हजार २ सय ३ अनलाइनबाट आएका हुन्। आवेदन सोचेभन्दा धेरै आउनुले युवाहरू स्टार्टअपमा आकर्षित भएर कर्जा खोजिरहेको बुझाउने गुप्ता बताउँछन्। 'उद्यमशिलताका लागि यो निकै सकारात्मक संकेत हो,' उनले भने।

सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा स्टार्टअप उद्यम कर्जा कार्यक्रमका लागि ७३ करोड रुपैयाँ बजेट छुट्याएको छ। स्टार्टअप कर्जाको आवेदन धेरै परेकाले फागुनको पहिलो सातासम्म कर्जा उपलब्ध लक्ष्य राखिएको छ। यो वर्ष गत वर्षभन्दा बजेट कम हुँदा ४ सय जनालाई उक्त कर्जा उपलब्ध गराउने लक्ष्य लिइएको प्रतिष्ठानले जनाएको छ।

गत वर्ष स्टार्टअप कर्जाका लागि ५ हजार १ सय ५८ को आवेदन परेकोमा ६ सय ६१ जनाले कर्जा प्राप्त गरेका थिए। त्यसका लागि गत वर्ष बजेटमा १ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको थियो। गत वर्ष धेरैले स्टार्टअप कर्जा प्राप्त गरेपछि यो वर्ष आवेदन बढेको देखिन्छ।

'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि २०८२' अनुसार न्यूनतम ५ लाख र अधिकतम २० लाख रुपैयाँसम्मको कर्जाको प्रावधान तोकिएको छ। गत वर्ष कर्जाको सीमा २५ लाखसम्म थियो। यस्तै, कर्जाका लागि व्यवसाय दर्ता भएको १० वर्ष ननाघेको र वार्षिक कारोबार १५ करोड रुपैयाँभन्दा बढी नभएको हुनुपर्ने सर्त छ। स्टार्टअप उद्यमको क्षेत्रमा सबैभन्दा धेरै आवेदन कृषि तथा उत्पादनमूलक क्षेत्र परेको छ। यस्तै, सूचना प्रविधि तथा डिजिटल क्षेत्र र पर्यटन उद्यमीले कर्जाका लागि आवेदन दिएका छन्।

स्टार्टअप उद्यम कर्जाका लागि तीन जना मूल्यांकन समितिले प्राप्त आवेदनमध्ये सर्टलिस्ट तयार गर्नेछ। जसमा प्रतिष्ठानको निर्देशक वा अधिकृतस्तरको कर्मचारी राष्ट्रिय वाणिज्य बैंकका अधिकृतस्तरको प्रतिनिधि, प्रतिष्ठानले तोकेको सम्बन्धित विषय क्षेत्रको विज्ञले प्राप्त आवेदनबाट सर्टलिस्ट माघ महिनाभित्र तयार गर्ने कार्ययोजना रहेको छ। स्टार्टअप उद्यमका लागि कर्जा प्राप्त गर्न व्यवसायले उत्पादन गर्ने वस्तु वा सेवाको उत्पादनमा नवीन एवं सिर्जनशील सोच र प्रविधिको उपयोग गरी उद्यम व्यवसाय गरेका लागि प्राथमिकतामा राखिने प्रतिष्ठानले जनाएको छ।

## बढ्यो...

महासचिव कृष्णप्रसाद बजगाईंले यसअघि १९ वटा परीक्षणको ६ हजार ५ सय रुपैयाँ शुल्क रहेकोमा नयाँ कार्यविधिअनुसार ३४ वटा परीक्षण गर्नुपर्ने अवस्थामा शुल्क बढेको नभइ घटेको दाबी गरे। उनले भने, 'सरकारले दिएको निर्देशनअनुसार हामी व्यवसायीले डेढ करोडसम्म लगानी गरेर स्वास्थ्य संस्थालाई अत्याधुनिक बनाएका छौं। सरकारले तोकेका रोगहरूको सरकारी अस्पतालमा परीक्षण गर्दा नै १४ हजारसम्म लाग्ने अवस्था छ। वैदेशिक रोजगारमा जाने कामदारहरूमा मिर्गौला समस्या अत्यधिक मात्रामा बढेको छ, छातीको भिडियो एक्सरेलगायत परीक्षण गर्दा शुल्क भन्दा गुणस्तरीय महत्वपूर्ण बनेको छ। सबै पक्षको जोड गुणस्तरीय स्वास्थ्य परीक्षणमा हुनुपर्छ।'

## अब...

व्यवसायी संघ र युएईमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीले प्रहरी रिपोर्ट लिएर नेपालीका लागि भिसा खुलाउन पहल गर्न युएईस्थित नेपाली दूतावास र नेपाल सरकारलाई आग्रह गर्दै आएका थिए।

# एमालेका दुवै प्यानलमा बलियो महासचिवको खोजी

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० मंसिर



एघारौं राष्ट्रिय महाधिवेशन नजिकिँदै जाँदा नेकपा एमालेभित्र नेतृत्व छनौटको सरगर्मी बढेको छ । पार्टी अध्यक्षको दौड जति रोचक छ, त्यत्तिकै चासो अर्को कार्यकारी पद महासचिवमा देखिएको छ ।

यही मंसिरको अन्तिम साता(२७-२९) मा एमालेले ११औं महाधिवेशन गर्दै छ । महाधिवेशनको उद्घाटन भक्तपुरको सल्लाघारी र बन्दसत्र भृकुटीमण्डपमा गर्ने बुधबार मात्र तय गरेको छ ।

'उद्घाटन पनि काठमाडौंमै गर्ने तयारीमा थियौं । ट्राफिक व्यवस्थापन कठिन र सर्वसाधारणलाई सास्ती हुने ठानेर सल्लाघारीमा गर्ने निर्णय गरिएको छ।' एमाले प्रचार विभाग प्रमुख राजेन्द्रकुमार गौतमले भने ।

पार्टी अध्यक्षमा केपी शर्मा ओलीले तेहेरिने चाहना राखिरहेका बेला बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उम्मेदवारी घोषणा गरेपछि महाधिवेशनमा प्यानलगत प्रतिस्पर्धाको सम्भावना बढेको छ ।

ओली र पोखरेलबीच प्रतिस्पर्धा हुने पक्का भइसकेपछि दुवै पक्ष बलियो महासचिवको खोजीमा देखिएका छन् । महासचिवमा अहिले वहालवाला शंकर पोखरेलदेखि नवौं महाधिवेशनमा ईश्वर पोखरेलसँग झिनो मतले पराजित उपाध्यक्ष सुरेन्द्र पाण्डेसम्मको दाबेदारी चर्चामा छ ।

अध्यक्ष ओली प्यानलबाट शंकर पोखरेल नै दोहोरिने सम्भावना बढेको गुण्डुनिकट स्रोतको दाबी छ । एमालेमा वैचारिक नेताको परिचय बनाएका उनी लामो समयदेखि ओलीले भरोसा गरेका नेतामा पर्छन् । सौराहामा भएको १० औं महाधिवेशनमा पनि विष्णु पौडेल र पृथ्वीसुब्बा गुरुङलाई मनाएर ओलीले पोखरेललाई सर्वसम्मत महासचिव बनाएका थिए । संगठन हाक्ने क्षमता र 'ओलीलाइन'प्रति बफादार रहेको विश्लेषणसहित उनलाई दोहोऱ्याउने तयारी भइरहेको छ । तर साघुँरो घेरामा बस्ने स्वभावले ओली समूहभित्रै उनको आलोचना पनि हुने गरेको छ ।

ओली प्यानलबाट हालका उपमहासचिवद्वय पृथ्वीसुब्बा गुरुङ र प्रदीप ज्ञवालीले पनि महासचिवको आकांक्षा राखेका छन् ।

गुरुङ र ज्ञवाली दुवै पार्टी संगठनमा पकड भएका नेता मानिन्छन् । अघिल्लोपटक नै महासचिव दाबी गरेका गुरुङलाई मनाउन यसपटक भने त्यति सजिलो देखिँदैन् । उनका लागि संस्थापनइतर प्यानलबाट पनि महासचिव उठ्न प्रस्ताव आउने सम्भावना उत्तिकै छ । त्यसैले ओलीसँग गुरुङको 'बार्गेनिङ' पावर बढेको बताइन्छ । ओली भने उनलाई उपाध्यक्षमा राखेर टिम व्यवस्थापन गर्ने रणनीतिमा छन् ।

पार्टीभित्र सरल एवं बौद्धिक छविसँगै भूगोलमा प्रभाव रहेका नेता ज्ञवालीले महासचिवको तयारी गरेको देखिन्छ । तर, शंकर पोखरेल दोहोरिने स्थितिमा उनी उपमहासचिवमै रोकिने सम्भावना धेरै छ ।

संस्थापनइतर ईश्वर पोखरेल प्यानलबाट बलियो प्रतिस्पर्धीका रुपमा हालका उपाध्यक्ष सुरेन्द्र पाण्डेको चर्चा छ । उनी कुशल संगठक, अनुभवी र नीति-विचारमा अध्ययन भएका नेता मानिन्छन् । प्यानल बलियो बनाउन पनि उनलाई महासचिवमा उठाउनुपर्ने दबाब पोखरेल समूहमा छ । तर गत महाधिवेशनमा ओलीको सूचीबाट सचिवमै दोहोरिएका गोकर्ण विष्ट र योगेश भट्टराई पनि महासचिवका लागि बलिया उम्मेदवार हुन् । संगठनमा सक्रिय बिष्ट पदप्रति लचिलो छन् भने भट्टराई बलियो टिम बन्ने स्थितिमा उपमहासचिवमै चित्त बुझाउन तयार देखिन्छन् ।

युवा संघको नेतृत्व गरेर आएका विष्ट र अनेरास्ववियुको अध्यक्ष भइसकेका भट्टराईमध्ये एक जनालाई महासचिव उम्मेदवार बनाउँदा युवा पुस्ता उत्साहित हुने विश्लेषणसहित यो समूहमा छलफल चलिरहेको छ । आकांक्षी नेता धेरै हुँदा दुवै प्यानलले महासचिवका उम्मेदवार टुंग्याउन सकेका छैनन् । भोलिको नेतृत्वका रुपमा हेरिने महासचिवमा हुने प्रतिस्पर्धाले एमालेको भविष्यलाई पनि संकेत गर्ने राजनीतिक विश्लेषकहरु बताउँछन् ।

# 'प्रधानमन्त्रीले विश्वविद्यालयको सबै भारी बोकेर हिंड्न सक्दैन'



**काठमाडौं/मस–** प्रधानमन्त्री एवं त्रिभूवन विश्वविद्यालय (त्रिवि) का कुलपति सुशीला कार्कीले सबै कार्यभार बोकेर हिँड्न नसकिने बताएकी छन् ।

विश्वविद्यालयहरुको कुलपति प्रधानमन्त्री हुने व्यवस्थाप्रति लक्षित गर्दै उनले सबै भारी डोकोभरी बोकेर प्रधानमन्त्री एक्लैले हिँडन नसक्ने बताइन् ।

बुधबार त्रिवि सभालाई सम्बोधन गर्दै उनले सो व्यवस्था हटाउन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन लागेको र त्यसमा आफूपनि सहमत रहेको समेत उल्लेख गरिन् । प्रधानमन्त्री कार्कीले विश्वविद्यालय स्वायत्त हुनुपर्ने स्पष्ट पार्दै राजनीतिक नेतृत्वले त्यसमा दृष्टि पुऱ्याउन सक्ने अवस्था नरहेको तर्क समेत गरिन् । उनले विश्वविद्यालयलाई आफैं फुल्ने, फल्ने गरी आवश्यक वातावरण बनाउनुपर्ने जरुरी रहेको समेत बताइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्,'अब हामीले हरेक कुराको विकासलाई हेर्नुपर्छ । अब यो हेर्ने तपाईहरुले हो । हामी दृष्टि पुऱ्याउन सक्दैनौ । एउटै प्रधानमन्त्रीले सारा डोकोभरी सबै भारी बोकेर हिँड्न सक्दैन । त्यसैले यो स्वायत्तताको कुरा जुन उठेको छ । पुनजीले उठाईरहनुभएको छ । उहाँ कोशिसमा हुनुहुन्छ । प्रयत्नमा हुनुहुन्छ । त्यो हुनुपर्छ भन्ने मलाई लाग्छ । पहिले हुर्किदाको पानी हाल्ने त । हुर्किसकेपछि त आफै फुल्छ, आफै फल्छ । आफै गर्छ भन्नेतिर जानुपर्छ ।'

प्रधानमन्त्री कार्कीले विश्वविद्यालयहरु आफैंले आयआर्जन गर्ने बाटोको खोजी गर्नुपर्ने पनि बताइन् । यस्तै सो क्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले विश्वविद्यालयहरुमा प्रधानमन्त्री कुलपति नरहने व्यवस्था गर्न आफू लागि परेको बताए ।

बुधबार त्रिभूवन विश्वविद्यालय सभा बैठकपछि सञ्चारकर्मीमाझ उनले विश्वविद्यालयहरुमा प्रधानमन्त्री कुलपति नरहनेगरी कानून ल्याउने प्रयास भइरहेको बताए । त्रिभुवन विश्वविद्यालयका सहकुलपति समेत रहेका मन्त्री पुनले वर्तमान सरकारले आफ्नै पालामा अध्यादेशबाट भएपनि सो सम्बन्धि कानून ल्याउन लागेको पनि स्पष्ट पारे । उनले सो सम्बन्धमा कसरी कानूनी व्यवस्था गर्ने भन्नेबारेमा कानूनविद्हरुसँग छलफल भइरहेको समेत जानकारी दिए । विश्वविद्यालयहरुमा कुलपति प्रधानमन्त्री नरहने व्यवस्था गर्न प्रधानमन्त्री सुशीला कार्की पनि सकारात्मक रहनुभएको मन्त्री पुनले बताए ।

उनले भने, 'कानुन कसरी आउँछ ? हेर्दैछौं । तर विश्वविद्यालयहरुमा प्रधानमन्त्री कुलपति नरहनेगरी कानून ल्याउने प्रयास हुँदैछ । अध्यादेशबाट हुन्छ कि के छ कानूनविदहरुसँग सरसल्लाह हुँदैछ । हाम्रो पालामा यो हटाउने भनेर एकदम न्वारनदेखिको बल लगाएर यसलाई हटाउने भन्ने भएको छ । अब न्वारनदेखिको बलले पुग्छ कि पुग्दैन, थाहा छैन । यो विषयमा प्रधानमन्त्रीसँग पनि कुरा भईरहेको छ । उहाँ सकारात्मक हुनुहुन्छ ।' मन्त्री पुनले सो विश्वविद्यालयका अनुसन्धान केन्द्रहरुलाई प्रभावकारी ढंगले अघि बढाउने प्रतिवद्धता समेत व्यक्त गरे । सरकारले सो विश्वविद्यालयको अनुसन्धान केन्द्रहरुलाई देशको थिंक टयांकको रुपमा स्थापित गराउन चाहेको उनले बताए ।

# 'तोकिएकै समयमा निर्वाचन हुन्छ'



**काठमाडौं/मस–** उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री कुलमान घिसिङले देश निर्वाचनमय बनेको बताएका छन् ।

राष्ट्रिय युवा परिषदले बुधबार आयोजना गरेको कार्यक्रममा उनले सबै शक्तिले निर्वाचनमा भाग लिने भनेर आएकाले तोकिएकै समयमा निर्वाचन हुने बताए ।

उनले तोकिएकै समयमा निर्वाचन गर्नुपर्नेमा समेत जोड दिए । उनले निर्वाचनमा बुद्धि विवेक पुऱ्याएर नेतृत्व छान्न समेत आग्रह गरे । निर्वाचनको समयमा बुद्धि विवेक नपुऱ्याउने र पछि केही भएन भन्ने प्रवृत्ति त्याग्नुपर्ने उनको भनाई छ । उनले निर्वाचनमा सही र युवा नेतृत्व चयन गर्न आग्रह गरे ।

उनले भने, 'अहिले देश निर्वाचनमय बनेको छ । सबैजनाले इलेक्शनमा भाग लिन्छु भनेर आएको छ, यो सबभन्दा खुशीको विषय हो । अब इलेक्शन हुनुपर्छ । कुनैपनि हालतमा नेपालमा तोकिएको समयमा इलेक्शन हुन्छ, हुनुपर्छ । यो समय अब सबैले आफ्नो बुद्धि विवेक लगाउने समय हो । जुन बेला बुद्धि विवेक लगाउने समय आउँछ, त्यसबाट हामी पछाडी हट्ने र त्यो समय अवसर गुमेपछि अनि बोल्दै हिड्ने यो पनि भएन यो गरेन भन्ने होईन । अब विवेक लगाउनुस् । सही लिडरसिप सेलेक्सन तपाईहरुले गर्नुस् ।'

यस्तै उनले थपे,'त्यो सबैभन्दा महत्वपूर्ण समय अहिले आएको छ । त्यो समयलाई सदुपयोग गर्नुस्, सहि व्यक्तित्व, नयाँ लिडरसीप, योङ लिडरसीपहरु जसले देशलाई परिवर्तन गर्नसक्छ, देशलाई एउटा नयाँ दिशा दिनसक्छ, त्यस्ता व्यक्तित्वहरुलाई छान्ने,चुन्ने काम तपाईंहरुले गर्नुहोला ।'

उनले यसअघिको नेतृत्वले राजनीतिक परिवर्तन नेतृत्व गर्न सफल भएपनि विकासको नेतृत्व गर्न भने असफल भएको बताए । उनले अब देश विकास गर्ने नेतृत्वको आवश्यक रहेको उल्लेख गरे ।

# ४८ सामाजिक सञ्जाल काउन्सिलको कारबाहीमा



**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले विभिन्न ४८ सामाजिक सञ्जालहरूलाई कारबाही गरेको छ । आचारसंहिता विपरीत सामग्री सम्प्रेषण गरेको भन्दै काउन्सिलले उनीहरूलाई कारबाही गरेको हो ।

मिडियाअन्तर्गत आबद्ध र मिडियाकै झल्को दिनेगरी सामाजिक सञ्जालबाट गलत, भ्रमपूर्ण, गालीगलौजयुक्त, अफवाहपूर्ण, हिंसा, उत्तेजना, सन्त्रासलाई बढावा दिने त्यस्ता सञ्जालहरूलाई कारबाही गरिएको काउन्सिलले विज्ञप्तिमार्फत जनाएको छ । काउन्सिलका अनुसार मिडियाअन्तर्गत आबद्ध भएका २५ सञ्जाललाई प्रतिकुल सामग्री सम्पादन तथा स्थगन गराउन निर्देशन दिनुको साथै त्यस्ता कार्य नगर्न सचेत गराइएको काउन्सिलले जनाएको छ । त्यस्तै मिडियामा आबद्ध नभएका १३ वटा सञ्जाललाई अनुसन्धान गरी कारबाही गर्न प्रहरीलाई पत्राचार गरिएको छ ।

कारबाहीमा पर्नेहरुमा अबाउट नेपाल यूट्युव च्यानल,८८४८ न्यूज नेपाल फेसबुक पेज, गुड न्यूज नेपाल, नेपालतन्त्र फेसबुक पेज लगायत रहेका छन् ।

# विशेषज्ञ चिकित्सक नहुँदा शल्यक्रिया सेवा बन्द



**म्याग्दी/मस–** म्याग्दी सदरमुकामस्थित प्रादेशिक अस्पताल बेनीमा विशेषज्ञ चिकित्सक नहुँदा शल्यक्रिया सेवा बन्द भएको छ ।

५० शय्या क्षमताको अस्पतालमा शल्यक्रिया विशेषज्ञ चिकित्सक नहुँदा 'हाइड्रोसिल', 'एपेण्डिसाइटिस' र 'हर्निया'लगायतका सामान्य शल्यक्रियामार्फत गरिने सेवा बन्द भएको हो ।

विशेषज्ञ डा.अशोक पन्त मंसिर १ गतेदेखि राजीनामा दिएर गएको र प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले अर्का चिकित्सक पठाउन नसक्दा सेवा बन्द भएको हो । गत कात्तिक १५ गतेदेखि बन्द भएको शल्यक्रियामार्फत गरिने प्रसूति सेवा पनि अझै सूचारु भएको छैन् । अस्पतालको करार दरबन्दीमा कार्यरत चिकित्सक सरोज यादवले राजीनामा दिएपछि शल्यक्रियामार्फत गरिने प्रसूति सेवाका लागि बागलुङ र पोखरा जानुपर्ने बाध्यता सुरु भएको छ ।

प्रदेश सरकारले विषेशज्ञ चिकित्सक खटाउन ढिलाइ गर्दा शल्यक्रियामार्फत गरिने प्रसूति सेवाका लागि समय र रकम खर्च गरेर जिल्ला बाहिर जानुपर्ने अवस्था सिर्जना भएको बेनीका स्थानीय दिनेश ढुंगानाले गुनासो गरे । सेवा बन्द हुँदा म्याग्दी, मुस्ताङ, पर्वतको जलजला, बागलुङको तमानखोला गाउँपालिकाका सर्वसाधारण मर्कामा परेका छन् । म्याग्दी १(क) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले चिकित्सकको व्यवस्थाका लागि स्वास्थ्यमन्त्री कृष्ण पाठकलाई ताकेता गरेको बताए ।

'चिकित्सक खटाउन स्वास्थ्यमन्त्रीलाई दैनिकजसो फोन गरेर ताकेता गरेका छौं,' उनले भने,'एक दुई दिनमा चिकित्सक आउने प्रतिबद्धता जनाए पनि ढिलाइ भएको छ ।'

गत भदौदेखि बेनीलगायत गण्डकी प्रदेश सरकार मातहतका अस्पतालको व्यवस्थापन समिति नेतृत्वविहीन छ ।

सम्बन्धित जिल्लाको समन्वय समिति प्रमुख समितिको अध्यक्ष रहने कार्यविधि खारेज भएपछि अस्पताल नेतृत्वविहीन भएका हुन् ।

बेनी अस्पतालले अन्तरङ्ग र बहिरङ्गसहित हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलासिस सेवा सञ्चालन गर्दै आएको छ ।

मेडिसिन, दन्तरोग, मनोसामाजिक विशेषज्ञ र ११ जना मेडिकल अधिकृत कार्यरत रहेका अस्पतालका निमित्त प्रमुख डा.रामु सापकोटाले बताए ।

वार्षिक ६० हजारभन्दा बढीले सेवा लिने बेनी अस्पतालको २०७४ देखि सुरु भएको भवन निर्माणले पूर्णता नपाउनु र दरबन्दी अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मी नहुनु मुख्य चुनौती बनेको छ ।

# फर्जी उपाधि प्रयोग गरी पद प्राप्त गरेको आरोपमा चार प्राध्यापकविरुद्ध आरोपपत्र दायर



**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विद्यावारिधि (पिएचडी) उपाधि नपाइकन झुटो विवरणका आधारमा त्रिभुवन विश्वविद्यालयको सह-परीक्षा नियन्त्रक बनेको आरोपमा त्रिविअन्तर्गतका चार प्राध्यापकविरुद्ध विशेष अदालत, काठमाडौंमा बुधबार आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल, विराटनगरका सह-परीक्षा नियन्त्रक डिल्लीराम प्रसाईंले उपाधि नपाइकन आफूलाई विद्यावारिधिधारीका रूपमा प्रस्तुत गरी पद तथा सुविधा प्राप्त गरेको आयोगको आरोप छ ।

सह-परीक्षा नियन्त्रक छनोट समितिका संयोजक प्रा.डा.जया लक्ष्मी प्रधान तथा सदस्य प्रा डा मोतिलाल शर्मा र प्रा डा मेघराज पोखेलले प्रसाईंसँग मिलेमतो गरी परीक्षा परिणाम गणनामा अनियमितता गरेको, मापदण्डविपरीत अङ्क प्रदान गरेको र झुटो विवरणका आधारमा नियुक्ति सिफारिस गरेको आयोगको आरोपपत्रमा उल्लेख छ ।

अनुसन्धानका क्रममा प्रसाईंले आवेदन दिने समयमा विद्यावारिधि उपाधि प्राप्त भएको भनी झुटो कागजात पेस गरेको, मौखिक परीक्षा रोकिएको अवस्थामा नै उपाधि प्राप्त भएको दाबी गरेको र सोही आधारमा अतिरिक्त अंक पाई अन्तिम नामावलीमा परेको पुष्टि भएको आयोगले जनाएको छ ।

त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयले २०८१ साउन १७ र २२ गते सो पदका लागि सूचना प्रकाशित गरेको थियो । त्यसअनुसार तीन सदस्यीय समितिले प्रसाईंलाई विद्यावारिधि शीर्षकको आठ अंक प्रदान गरी २०८१ मङ्सिर १९ गतेदेखि लागू हुने गरी नियुक्ति सिफारिस गरे पनि प्रस्तुत कागजातको आधिकारिकता जाँच नगरेको आयोगको निष्कर्ष छ ।

प्रसाईंले नपाएको 'डा'उपाधिको प्रयोग विभिन्न कागजात, नेमप्लेट, क्यालेन्डर तथा विदेश सेमिनारसम्बन्धी प्रमाणपत्रमा गरेको पाइएको आयोगले जनाएको छ । आयोगले समितिका संयोजक तथा सदस्यहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ तथा १९(२०) बमोजिम र प्रसाईंविरुद्ध दफा १६, १७(१०) र २४ बमोजिम सजाय माग गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

# पर्यटक लुटपाटको आरोपमा १३ जना पक्राउ



**काठमाडौं/मस–** नेपाल प्रहरीले विदेशी पर्यटकलाई अनावश्यक दुःख दिएको र लुटपाटमा संलग्न रहेको आरोपमा १३ जनालाई पक्राउ गरेको छ ।

प्रहरी वृत्त लैनचौरबाट खटिएको टोलीले ठमेल क्षेत्रमा घुम्न आएका विदेशी पर्यटकलाई अनावश्यक हैरानी दिने, लुटपाट गर्ने, जबरजस्ती यौनजन्य क्रियाकलापमा संलग्न गराएको आरोपमा गएराति उनीहरुलाई पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा काभ्रेका १९ वर्षीय बादल तामाङ, बाजुराका २२ वर्षीय गणेश नाथ, तनहुँका २४ वर्षीय विशाल थापामगर, सिन्धुलीका २० वर्षीय गणेश तामाङ, सर्लाहीका १९ वर्षीय सागर मगर, सुनसरीका २२ वर्षीय रमेश क्षेत्री, दोलखाका १९ वर्षीय विशाल नेपाली, रामेछापका २१ वर्षीय मिलन नेपाली, बाँकेका २३ वर्षीय अभिषेक थापा, काभ्रेका २२ वर्षीय सञ्जय लामा, दाङकी २० वर्षीया प्रतिमा डाँगी र दाङकै २१ वर्षीया प्रमिला पुनमगर छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले स्वदेशी तथा विदेशी पर्यटकलाई दुःख दिने तथा लुटपाटमा संलग्न रहेकाले उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेकालाई प्रहरीले अभद्र व्यवहारको कसूरमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट चार दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको जनाएको छ ।

भट्टराई बन्धुहरूमा देवाली (कुलपूजा) का लागि
॥ हार्दिक निमन्त्रणा ॥

भट्टराईहरुको कुल पूजा (देवाली) मिति २०८२ मंसिर ११ गते बिहीबारदेखि सुरु भई २०८२ मंसिर १८ गते बिहीबार सम्पन्न हुने भएकाले कुल पूजामा यहाँ र यहाँका परिवार समेत सरिक भई कुलको दर्शन र प्रसाद ग्रहण गरी आर्शिवाद लिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।
स्थान : नागार्जुन न.पा.वडा नं. ९, स्यूचाटार, भट्टराईगाउँ,
भुवनेश्वरी मन्दिर परिसर, काठमाडौं   सम्पर्क नं.: ९८५१०६८१९३, ९८४३५५३५९८

## सम्पादकीय

# सुशासनप्रति जागेको आशा

सरकारले वर्षौंदेखि रोकिएका भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धान पुनः सक्रिय रूपमा अघि बढाउन थालेको दाबी गरेको छ । राजनीतिक हस्तक्षेप, चुनावी दबाब र संवेदनशील व्यक्तिहरूको संलग्नताका कारण निष्क्रिय बनाइएका थुप्रै फाइल फेरि छानबिनको दायरामा फर्कन लागेका हुन् । सरकार फेरिएलगत्तै बीचमै रोकिएको भनिएको नक्कली भुटानी शरणार्थी प्रकरणका फरार अभियुक्तलाई केहीअघि पक्राउ गरिएको थियो । यसले ठुला राजनीतिक पहुँच भएका अभियुक्तलाई पनि सरकारले अनुसन्धानको दायरामा ल्याउँदै छ भन्ने सन्देश दिएको छ ।

पूर्वगृहमन्त्रीदेखि उच्च तहका नेता र उच्च सरकारी अधिकारीसम्म मुछिएको यो मुद्दाको अनुसन्धान लम्ब्याएर दोषीलाई जोगाउने प्रपन्च गरिएको भन्दै आलोचना हुँदै आएको थियो । भ्रष्टाचारविरोधी जेनजी आन्दोलनको बलमा बनेको अन्तरिम सरकारले त्यसरी थन्किएका २० वटा मुद्दा अगाडि बढाउनु आफैंमा स्वागतयोग्य छ । तर यो कदम केवल राजनीतिक स्टन्ट वा प्रतिशोध मात्र हो कि सुशासनको दृढतासहित सुरू गरिएको पहल, त्यो अबको कार्यान्वयनले मात्र स्पष्ट पार्नेछ ।

प्रधानमन्त्री सुशीला कार्कीले नागरिक समाजसँगको हालैको छलफलका क्रममा सुशासनका लागि काम गर्न खोज्दा दबाब आउने गरेको टिप्पणी गरेकी छन् । यसले सत्ता, शक्ति र पहुँचबीचको खतरनाक उल्झनलाई देखाएको छ । राजनीतिक शक्तिहरूमा पनि भ्रष्टाचार छानबिन होस् तर त्यो आफूसम्म नआओस् भन्ने छ । राज्यका अंगहरूका हात त्यस्तै दबाब र प्रभावले बाँधिरहेको हुन्छ । तर सरकारले गलत प्रवृत्तिसँग नझुक्ने दृढता देखाएकाले अहिलेलाई शंकाको सुविधा दिन सकिन्छ । पछिल्लो समय नेपाल प्रहरीको केन्द्रीय अपराध ब्युरो (सिआइबी), अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण विभागले देखाएको सक्रियता सकारात्मक छ । विशेषतः सम्पत्ति शुद्धीकरण विभागले ७ सयभन्दा बढी 'पेन्डिङ' उजुरीमध्ये ठुलो संख्यामा फाइल अगाडि बढाएको जानकारी दिएको छ । बैंकिङ, सहकारी, कर छली, क्यासिनो र रियल-इस्टेटजस्ता क्षेत्रका मुद्दा खोल्नु केवल कानुनी प्रक्रिया होइन, त्यो नेपालमा आर्थिक अपराधलाई राजनीतिक संरक्षण दिने प्रवृत्ति हटाउने अपरेसन पनि हो । त्यस्ता अनियमितता र भ्रष्टाचारमा ठुला व्यापारिक घरानादेखि राजनीतिक व्यक्तिसम्म संलग्न हुने भएकाले शक्ति र पहुँचका आडमा अनुसन्धान सधैं रोकिँदै आएका थिए । सरकारको पछिल्लो कदमले शक्तिको आडमा विगतमा कहिल्यै नछोइएका शक्ति-सञ्जालसम्म अनुसन्धान पुग्ने आशा जगाएको छ । तर चुनाव नजिकिँदै आएकाले शीर्ष नेतासँग सम्बन्धित मुद्दा के होलान् भन्ने संशय भने कायमै छ । सुशासनको प्रतिबद्धता घोषणाबाट होइन, नतिजाबाट परीक्षण हुन्छ । सरकारले अघि बढाउन खोजेको कदमको परीक्षण पनि अनुसन्धानको टुंगो र दोषीलाई कानुनी कठघरामा उभ्याएपछि मात्र हुनेछ ।

# समावेशिता : नारा र व्यवहार

*समावेशिताको नाममा राम्रै नारा लगाइन्छ तर काम भने पुरानै सोच, पुरानै सञ्जाल र पुरानै शक्ति संरचनाले चलाउँछ, जसले निर्णय सीमित वर्गकै हातमा राख्छ ।*

अग्रलेख



● ईश्वर बुढाथोकी

समावेशिता आजको विश्व राजनीति, सामाजिक संरचना र विकासको केन्द्रीय विषय बनेको छ । हरेक देश, सरकार, संस्था वा समुदायले आफूलाई 'समावेशी' देखाउन चाहन्छन् । नारा, भाषण, नीति र घोषणापत्रमा समावेशिताको महिमा प्रशस्त भेटिन्छ । तर वास्तविक अभ्यासमा कति देश वा व्यवस्थाले यसको आत्मा समातेका छन् ? यही प्रश्नले समावेशितालाई केवल लोकप्रिय शब्द बनाउने कि संस्थागत संस्कृतिको मेरुदण्ड बनाउने भन्ने बहस उठाउँछ । नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राष्ट्रमा यो बहस अझ संवेदनशील र आवश्यक बन्छ । किनकि समावेशिता नारा मात्र होइन, सामाजिक न्याय, अवसरको समानता, पहिचानको सम्मान र दिगो विकासको पूर्वसर्त हो ।

नेपालमा समावेशिताको प्रयोग प्रायः राजनीतिक भाषण वा नीति निर्माणका कागजहरूमा बढी सुनिन्छ । संविधान लेखनदेखि सरकारले ल्याउने हरेक योजनासम्म 'समावेशी', 'समान अवसर' र 'सहभागिता' जस्ता शब्दहरू राम्रोसँग लेखिन्छन् । तर समस्या नारामा होइन-आचरणमा, कार्यान्वयनमा र मानसिकतामा आवश्यक छ । समावेशिताको नाममा राम्रै नारा लगाइन्छ तर काम भने पुरानै सोच, पुरानै सञ्जाल र पुरानै शक्ति संरचनाले चलाउँछ, जसले निर्णय सीमित वर्गकै हातमा राख्छ । समावेशिताका लागि लक्षित समुदायलाई औपचारिक रूपमा बोलाइए पनि निर्णय भने उही शक्तिशाली थोप्लाले गर्ने प्रचलन अझै विद्यमान छ । यसले समावेशिताको वास्तविक आत्मा क्षीण बनाउँछ ।

समावेशिता किन नारा मात्र बन्न पुग्छ ? यसको मूल कारण समाजका शक्ति संरचनामा रहेको असमानता, पूर्वाग्रह, पहुँच र प्रतिनिधित्वको कमी हो । उदाहरणका लागि- राज्यका निर्णय प्रक्रियामा महिलाको संख्या कति छ ? दलित वा जनजातिका प्रतिनिधि कति प्रभावशाली छन् ? अपांगता भएका व्यक्तिहरूका मुद्दा कति प्राथमिकतामा राखिन्छन् ? भाषा र सांस्कृतिक विविधताको संरक्षणका काम कति प्रभावकारी छन् ? यी प्रश्नका उत्तरले नै समावेशिताको स्तर देखाउँछ । अक्सर विविधता देखाउने फोटो खिचिन्छ, केही टोकन प्रतिनिधि राखिन्छन्, बैठकमा बोल्न दिइन्छ तर निर्णय क्षमता नदिइने अभ्यासले समावेशितालाई 'देखाउने वस्तु' मात्र बनाइदिन्छ ।

अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ- जहाँ समावेशिता नारा नभई व्यवहार बनेको छ, त्यहाँ सामाजिक स्थिरता, आर्थिक वृद्धि र नागरिक सन्तुष्टि उल्लेख्य रूपमा बढेको छ । उदाहरणका रूपमा, क्यानडाले अपनाएको बहुसांस्कृतिक नीतिले साझा पहिचान निर्माण गर्दै विभिन्न समुदायको भाषा, धर्म र संस्कृतिलाई सम्मान गरेको छ । आप्रवासी समुदायले पनि आफ्नो पहिचान जोगाउँदै राज्यका अवसर उपयोग गर्न पाएका छन् । त्यस्तै, न्युजिल्यान्डले माओरी समुदायका अधिकारलाई संवैधानिक रूपमा सुनिश्चित गर्दै शिक्षा, प्रशासन र सार्वजनिक जीवनमा माओरी भाषाको स्थान सुरक्षित गरेको छ । यसले समावेशितालाई नीतिबाट व्यवहारमा रूपान्तरण गरेको छ ।

युरोपका धेरै देशमा समावेशी शिक्षालाई प्राथमिकता दिइएको छ । फिनल्यान्ड जस्तो देशमा विद्यालयहरूमा जातीय, भाषिक वा आर्थिक पृष्ठभूमिले विद्यार्थीको अवसरमा भेद ल्याउन नदिने नीति कडाइका साथ लागू हुन्छ । अपांगता भएका बालबालिकालाई छुट्टै कक्षामा होइन, आवश्यक सहायतासहित एउटै कक्षामा पढाइने अभ्यासले समावेशितालाई बाल्यकालदेखि नै विकसित गर्छ ।

तर समावेशिताका असल उदाहरण मात्र होइन, चुनौतीका उदाहरण पनि प्रशस्त छन् । दक्षिण एसियाका धेरै देश-भारत, पाकिस्तान वा श्रीलंकामा समुदायबिचको असमानता, जातीय विभाजन र राजनीतिकरणले समावेशितालाई चुनौती दिएको छ । नीति बनेका छन्, आयोग बनेका छन्, आरक्षण व्यवस्था छन्, तर पहुँच भएका वर्गले तिनलाई आफ्नो अनुकूल बनाएकाले संरचनागत परिवर्तन गहिरो रूपमा हुन सकेको छैन । यसैले नेपालले पनि अन्तर्राष्ट्रिय अभ्यासबाट सिक्दा 'नक्कल' होइन, 'अनुकूलन' नै अपनाउनुपर्छ- आफ्नो सामाजिक बनोट, पहिचान र आर्थिक अवस्थासँग मिलाएर ।

नेपालमा समावेशिताको आवश्यकता अत्यन्त गहिरो छ । यहाँ जातीय विभेद मात्रै छैन, लैंगिक असमानता, भौगोलिक दुर्गमता जस्ता समस्याहरू विद्यमान छन् । यी समस्याले समाजलाई विभाजित मात्र बनाउँदैनन्, राष्ट्रिय विकास पनि अवरुद्ध हुन्छ । यी समस्याले समाजलाई विभाजित मात्र बनाउँदैनन्, राष्ट्रिय विकास पनि अवरुद्ध हुन्छ । संविधानले दिएको समावेशी संरचना प्रशंसनीय छ- समावेशी प्रतिनिधित्व, समानुपातिक निर्वाचन प्रणाली, दलित, महिला, जनजाति, मधेसी, मुस्लिम तथा अपांगता भएका व्यक्तिहरूका अधिकार सुरक्षित गर्ने व्यवस्था । तर व्यवहारमा यी समुदायका आवाज धेरै ठाउँमा कमजोर पारिन्छन् र तिनलाई 'सहभागी' होइन 'सजावट'का रूपमा प्रयोग गरिन्छ ।

समावेशितालाई व्यवहारमा उतार्न पहिलो आवश्यक कुरा हो, मानसिकता परिवर्तन । कानुनले मात्र समावेशी समाज निर्माण गर्न सक्दैन, समाजका हरेक तहमा चेतनाको रूपान्तरण अनिवार्य हुन्छ । विद्यालयदेखि विश्वविद्यालयसम्म विविधता, सहअस्तित्व, समान अवसर र गैर-भेदभावका मूल्यहरू पढाउनुपर्छ । राजनीतिक दलहरूले आन्तरिक संरचनामा नै समावेशिता लागू गर्नुपर्छ, नत्र घोषणापत्रका शब्दहरू अर्थहीन हुन्छन् । प्रशासनिक नियुक्ति, स्थानीय योजना, सार्वजनिक सेवा वितरण र न्यायिक प्रक्रियासम्म सबै तहमा वास्तविक प्रतिनिधित्व र समान पहुँच सुनिश्चित गर्नुपर्छ ।

दोस्रो, समावेशिताको 'गुणस्तर' बढाउनु आवश्यक छ । केवल संख्या बढाउनु समावेशिता होइन, आवाज सुन्ने क्षमता, निर्णय गर्ने अधिकार, पहुँच, क्षमता विकास र सम्मानित वातावरण सुनिश्चित गर्नु नै वास्तविक समावेशिता हो । महिलालाई संसदमा पठाएर निर्णायक समितिबाट टाढा राख्नु, वा दलित-जनजातिलाई टोल समितिमा सीमित राखेर उच्च

> *नेपालमा समावेशिताको आवश्यकता अत्यन्त गहिरो छ । यहाँ जातीय विभेद मात्रै छैन, लैंगिक असमानता, भौगोलिक दुर्गमता जस्ता समस्या विद्यमान छन् । यी समस्याले समाजलाई विभाजित मात्र बनाउँदैनन्, राष्ट्रिय विकास पनि अवरूद्ध हुन्छ ।*

पदमा अवसर नदिनु, यी सबै अधुरो समावेशिताका उदाहरण हुन् । अपांगता भएका व्यक्तिलाई 'कल्याण'को दृष्टिले होइन, अधिकार र क्षमताका आधारमा हेर्नुपर्छ ।

तेस्रो, आर्थिक समावेशिता अत्यन्त जरुरी छ । राजनीतिक प्रतिनिधित्वले मात्र समाज समावेशी हुँदैन; रोजगारी, सीप, वित्तीय पहुँच, व्यावसायिक अवसर, भूमि र स्रोतमा समान अधिकार बिना समावेशिता पूर्ण हुँदैन । ग्रामीण, दुर्गम वा विपन्न समुदायसम्म आर्थिक अवसर पुग्न सकेन भने समावेशिता नारा मात्र बनिरहन्छ । अन्तर्राष्ट्रिय रूपमा पनि देखिएको छ, जब आर्थिक असमानता घट्छ, तब राजनीतिक र सामाजिक समावेशिताको गुणस्तर बढ्छ ।

समावेशिता केवल सरकार वा संविधानको विषय होइन, यो दैनिक सामाजिक अभ्यास हो । घरदेखि कार्यालयसम्म, विद्यालयदेखि मन्दिरसम्म, सडकदेखि संसदसम्म हामीले विविधतालाई 'समस्या' होइन 'धन' भनेर स्विकार्न सके मात्र समावेशिता व्यवहारमा रूपान्तरित हुन्छ । नेपालले समावेशिताको बाटो पहिल्यै समातेको छ, संविधानले दिशा दिएको छ, नागरिक समाजले निरन्तर आवाज उठाइरहेको छ, नयाँ पुस्ता समान अधिकारप्रति संवेदनशील हुँदै गएको छ । अब आवश्यक छ, यी शब्दलाई जीवन्त अभ्यासमा बदल्ने, निर्णय प्रक्रियामा सबैको आवाज सशक्त रूपमा सुन्ने र विविधतालाई वास्तविक राष्ट्रिय शक्ति बनाउने । जब यस्तो अभ्यास सुरु हुन्छ, तब मात्र समावेशिता नेपालको स्थायी सामाजिक मूल्य र राष्ट्रिय पहिचान बन्न सफल हुन्छ ।




## इतिहासमा आज

२७ नोभेम्बर २००६ मा क्यानडाको हाउस अफ कमन्सले प्रधानमन्त्री स्टिफन हार्परले क्यानडाभित्र क्युबेकोइसलाई एक राष्ट्रका रूपमा मान्यता दिने प्रस्तावलाई अनुमोदन गर्‍यो ।



२७ नोभेम्बर २००४ मा पोप जोन पल द्वितीयले सेन्ट जोन क्रिसोस्टमका अवशेषहरू पूर्वी अर्थोडक्स चर्चलाई फिर्ता गरे ।



२७ नोभेम्बर २०२० मा इरानका शीर्ष आणविक वैज्ञानिक मोहसेन फखिजादेहको तेहराननजिकै हत्या गरियो ।



२७ नोभेम्बर १९९२ मा एक वर्षमा दोस्रोपटक भेनेजुएलामा सैन्य बलले राष्ट्रपति कार्लोस एन्ड्रेस पेरेजलाई अपदस्थ गर्ने प्रयास गर्‍यो ।



# कांग्रेसको महाधिवेशन विवाद

टिप्पणी



● नवराज न्यौपाने

> *कांग्रेसको भविष्य महाधिवेशन कहिले र कसरी गर्ने भन्ने निर्णयमा टेकेर बसेको छ । यदि यो मोड कांग्रेसले बुद्धिमत्तापूर्वक पार गर्न सक्यो भने कांग्रेस पुनः देशको अग्रणी राजनीतिक शक्ति बन्न सक्छ ।*

नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस आज फेरि एक निर्णायक मोडमा उभिएको छ । विवादको मूल प्रश्न सरल देखिए पनि महाधिवेशन निर्वाचनअघि गर्ने कि पछि भन्ने कुरामा अल्झिरहेको छ । यो विवादले पार्टीको संगठन, नेतृत्व, रणनीति र अस्तित्वमा गहिरो प्रभाव पारिरहेको छ ।

कांग्रेसभित्र लामो समयसम्म शेरबहादुर देउवा समूहको प्रभाव हाबी रहँदा नयाँ पुस्तामा नेतृत्व नवीकरण र संस्थागत परिवर्तनको चाहना बढ्दै गयो । यही पृष्ठभूमिमा गगन थापा, विश्वप्रकाश शर्मा र शेखर कोइरालाजस्ता नेताहरूले युवा पुस्ता र सुधारको आवाज बलियो रूपमा उठाए । उनीहरूको मुख्य प्रश्न थियो- कांग्रेस नयाँ नेतृत्वको दिशामा रूपान्तरित हुन्छ कि पुरानै ढर्रामा चलिरहन्छ ? यही प्रश्न महाधिवेशन कहिले गर्ने भन्ने बहससँग जोडिँदै गयो ।

सुधारवादी पक्षले निर्वाचनअगावै महाधिवेशन हुनुपर्ने तर्क अघि सार्‍यो । उनीहरूका अनुसार चुनावभन्दा अगाडि नेतृत्वको वातावरण परिवर्तन, टिकट वितरणमा निष्पक्षता, संगठन पुनर्जीवन र जनतामाझ नयाँ कांग्रेसको छवि बनाउन आवश्यक छ । तर यसको विपरीत रूपमा संस्थापन पक्षले चुनावपछि महाधिवेशन गर्ने अडान राख्यो । चुनावअघि आन्तरिक झगडा बढ्ने, राजनीतिक स्थिरता बिग्रने र निर्वाचन-प्रबद्धन मौजुदा नेतृत्वकै हातमा रहनुपर्ने उनीहरूको तर्क थियो । विधानमा समय विस्तारको प्रावधान रहेको दाबी पनि यही तर्कमा जोडियो ।

दुवै पक्षका तर्कहरू बलिया भए पनि अविश्वास र स्वार्थले बहसलाई संवादको मार्गबाट हटाएर शक्ति-संघर्षतर्फ धकेल्यो । यति मात्र होइन, सुधारवादी समूहले ५४ प्रतिशत प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशनको माग अघि सार्दा विवाद औपचारिक संस्थागत द्वन्द्वको चरणमा पुगेको अनुभूति भयो । संस्थापन पक्षले विधान र स्थिरताको नाममा माग अस्वीकृत गरेपछि कांग्रेस व्यवहारमै दुई मोर्चामा विभाजित देखिन थाल्यो- नवीकरणवादी र निरन्तरतावादी ।

विवाद शीर्ष नेतामा मात्र सीमित रहेन, यसको प्रभाव प्रदेश, जिल्ला, क्षेत्रीय र भ्रातृ-संस्थासम्म फैलियो । कतैकतै समानान्तर बैठक भए, कतैकतै अलग-अलग प्रस्ताव उठे, झिनो निर्णयमा पनि गुटीय प्रभाव हाबी रह्यो । टिकट दाबी र सिफारिसमा त प्रतिस्पर्धा झन् तीव्र रूपमा देखियो । कांग्रेस नाममा एउटै रहे पनि व्यवहारमा दुई कांग्रेसजस्तै स्थिति विकसित भयो ।

आजको परिस्थितिमा सुधारवादी पक्ष, छिटो महाधिवेशनको मागमा अडिएको छ भने संस्थापन पक्ष चुनावपछि मात्रै महाधिवेशन गर्नुपर्ने अडान छोड्ने मनस्थितिमा छैन । दुवैबीचको अविश्वास गहिरिँदै गएको छ, जनतामाझ विभाजित छवि बनेको छ र संगठनात्मक तटस्थता हराउँदै गएको छ । अनिर्णय नै अहिले कांग्रेसको सबैभन्दा ठुलो रोग बनेको छ ।

आगामी महिनामा कांग्रेस विभिन्न दिशातर्फ जान सक्ने अनुमानहरू पनि बलियो रूपमा उठिरहेका छन् । सर्वोत्तम अवस्थामा दुवै पक्षबीच लिखित सहमति, टिकट वितरणमा सन्तुलन, संयुक्त चुनावी अभियान र चुनावपछि शान्तिपूर्ण नेतृत्व हस्तान्तरण हुन सक्छ, जसले कांग्रेसलाई प्रतिस्पर्धात्मक रूपमा अघि बढाउँछ । मध्यम अवस्थामा तीव्र गुट संघर्ष, टिकटमा विवाद, वैकल्पिक बैठक, चुनावमा मिश्रित प्रदर्शन र पछि महाधिवेशनका लागि कडा दबाब पर्ने सम्भावना प्रबल देखिन्छ । यसले कांग्रेसलाई कमजोर पार्छ तर भताभुंग बनाउँदैन । तर सबैभन्दा खराब अवस्थाले भने सुधारवादी र संस्थापनबीच पूर्ण अविश्वास, समानान्तर अभियान, टिकट विद्रोह, चुनावमा भारी पराजय र नयाँ राजनीतिक समूह वा ध्रुव जन्मिने जोखिम बोकेको छ, जसले कांग्रेसलाई फेरि २०५३-५४ को विभाजन संकटतर्फ धकेल्न सक्छ ।

कांग्रेसको दीर्घकालीन अस्तित्व, नेतृत्वको उत्तराधिकार, संगठनात्मक एकता र चुनावी क्षमताको सबै समाधान महाधिवेशनकै वरिपरि केन्द्रित छ । महाधिवेशनमार्फत नेतृत्व परिवर्तन, नीति सुधार, युवा पुस्ताको उदय, संगठन पुनर्जीवन र जनविश्वास पुनर्स्थापना सम्भव छ । त्यसैले कांग्रेसको भविष्य महाधिवेशन कहिले र कसरी गर्ने भन्ने निर्णयमा टेकेर बसेको छ । यदि यो मोड कांग्रेसले बुद्धिमत्तापूर्वक पार गर्न सक्यो भने कांग्रेस पुनः देशको अग्रणी राजनीतिक शक्ति बन्न सक्छ, नत्र विभाजन, कमजोरी र अस्तित्व संकटबाट बच्न गाह्रो पनिः छ ।

## सामाजिक सञ्जाल




**डम्बर खतिवडा**

देउवाको फिर्ती, ओलीको रटान र सुशीला कार्की सरकारको चुनावको एक सूत्रीय जनादेश र जेनजी अभियन्तामाथिको दमन सुरुवातले प्रस्ट हुन्छ- देश यथास्थितिमा फर्किसकेको छ । नवयुवा पुस्ताको परिवर्तनको चाहनामाथि सबैतिरबाट कुठाराघात भएको छ देशमा अर्को विद्रोह र आन्दोलनको बिउ बाँकी नै छ ।



**हरि रोका**

दम्भ बोकेर हिँड्ने अमुक व्यक्ति र पार्टीविरुद्ध विरोध र्‍याली निकाल्ने प्रवृत्ति गलत छ । यस्तै प्रोटेस्टले ज्ञान र विवेक नभएका फजुल व्यक्ति रातारात नेता बन्दै छन् । तिनीहरू नेता बने पनि देश चाहिँ बन्दैन । बरु तपाई-हाम्लाई कस्तो देश चाहिएको हो, गम्भीर भएर सोचौं र कार्यक्रम मिल्ने पार्टी रोजौं ।



**रञ्जित तामाङ**

